# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय चौरजहारी, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

०८८-४४११४६,९८५७८२६१११
ito.chaurjaharimun@gmail.com


## उद्योग, व्यापार, व्यवसाय र फर्म दर्ता जानकारीको सूचना !

**(प्रकाशन मिति : २०८०/०३/२८ गते)**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, रुकुम (पश्चिम) को मिति २०८०/०३/२८ गतेको पत्रानुसार कर्णाली प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७८, औद्योगिक व्यवसाय नियमावली, २०७९ र कर्णाली प्रदेश व्यापार व्यवसाय (दर्ता तथा सञ्चालन) ऐन, २०७८, व्यापार व्यवसाय (दर्ता तथा सञ्चालन) नियमावली, २०८० प्रदेश राजपत्रमा प्रकाशित भइ कार्यान्वयनमा आएकोले तपसिलबमोजिम कुल पुँजी भएका उद्योग, व्यापार, व्यवसाय र फर्म मिति २०८० साउन १ गतेदेखि देहायको दर्ता हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

**१. उद्योग दर्तातर्फ**

(क) रु. ३ लाखसम्म कुल पुँजी भएका उद्योगहरू सम्बन्धित स्थानीय तहमा दर्ता हुने,

(ख) रु. ३ लाख भन्दा माथि पुँजी भएका उद्योगहरू उद्योग कार्यालय / निर्देशनालयमा दर्ता हुने।

**२. व्यापार व्यवसाय (वाणिज्य) दर्तातर्फ**

(क) रु. १० लाखसम्म कुल पुँजी भएका वाणिज्य फर्महरू सम्बन्धित स्थानीय तहमा दर्ता हुने,

(ख) रु. १० लाख भन्दा माथि ५ करोडसम्म कुल पुँजी भएका वाणिज्य फर्महरू उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयमा दर्ता हुने,

(ग) रु. ५ करोड भन्दा माथि कुल पुँजी भएका वाणिज्य फर्महरु प्रदेश निर्देशनालयमा दर्ता हुने।

२०८०/३/२८

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत